# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## मोहन्याल गाउँपालिका

## कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ४१२

मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मोहन्याल गाउँपालिका,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्ससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. ४ करोड ८ लाख ४८ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.५ लाख ४१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ४४ लाख १९ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ५२ लाख ४३ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.१० करोड ६६ लाख १६ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१२ करोड २२ लाख ६१ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# मोहन्याल गाउँपालिका,कैलाली

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५५ | २६ | ४०८४८ | ० | ० | ० | ५५ | २६ | ४०८४८ | ५४१ | २५२४३ | १४४१९ | ० | ० | ३९६६२ | ६४४ |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| १०६६१६ | ० | २५३१४ | ८१३०२ | १११ | ४०८४८ | १२२२६१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मोहन्याल गाउँपालिका, कैलाली , मोहनयाल गाउँपालिका , कैलाली

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Raj Bahadur Sarki | २०७८-१२-१४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Jayananda Jaishi | २०७८-७-१५ | २०७८-१२-१४ |
| कार्यालय प्रमुख | रुपेशकुमार शर्मा बराल | २०७७-१२-३० | २०७८-७-१४ |
| कार्यालय प्रमुख | नारायण प्रसाद शर्मा | २०७७-७-२६ | २०७७-१२-२९ |
| कार्यालय प्रमुख | गौरी कुमारी कार्की | २०७७-६-५ | २०७७-७-२५ |
| लेखा प्रमुख | Dhurba Bahadur Khatri | २०७८-११-१२ | |
| लेखा प्रमुख | भरत बहादुर सापकोटा | २०७७-८-२४ | २०७८-११-११ |
| लेखा प्रमुख | मदन राज अवस्थी | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ४०,८४८,७२६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,८०,७७,१३१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,५५,६२,८९० | **चालु खर्च** | २७,४२,४२,३७६ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५७,९२,६८० | **पूँजीगत खर्च** | १७,११,१६,१०४ |
| **राजश्व बाँडफाँट** | ८,४३,५६,०८२ | **वित्तीय/अन्य व्यवस्था** | ११,५९,०९,९९६ |
| **आन्तरिक आय** | २४,७२,८२० | | |
| **अन्य आय** | ८,३८,९७,०३१ | | |
| **कुल आय** | ५५,२०,८१,५०३ | **कुल खर्च** | ५६,१२,६८,४७६ |
| **बाँकी मौज्दात** | | २,८८,९०,१५८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ ।यस गाँउपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ६२६.९५ वर्ग किलोमिटर क्षेत्रफल तथा २२०५३ जनसंख्या रहेको छ । | |
| २ | | | **छलफल**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर **मिति २०७८।१२।१७** मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् | |
| ३ | | | **लेखापरीक्षणको क्रममाअसुली**<br>आ व २०७७/७८ को लेखापरीक्षणको क्रममा यस कार्यालयबाट रु ३४८९०.० असुली भएको छ। सो मध्ये रु ६००० विद्यालय अनुदान बढि निकासा भएको, गाउँपालिकाको संचित कोषमा र रु २८८९० पारिश्रमिक करकट्टी नभएको संघिय बेरुजु खातामा जम्मा भएको छ। | |
| ४ | | | **आन्तरिक लेखापरीक्षण नभएको**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले अन्तर सरकारी वित्तिय हस्तान्तरण बाहेक यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरएतापनी कारोबारको विवरण आन्तरिक लेखापरिक्षकबाट गराएको छैन।साथै आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले, कार्यरत रहेका प्रशासनिक कर्मचारीबाट आन्तरिक लेखापरीक्षण गराउन मिल्ने देखिएन। | |
| ५ | | | **विद्यालयको शैक्षिक गुणस्तर**<br>गाँउपालिका अन्तर्गत संचालित माध्मयमिक तह सम्मको विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाँउपालिकाको कार्य क्षेत्रभित्र अन्तर्गत पर्दछ सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्न र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङकन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **विद्यालय अनुगमन मापदण्ड**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवाश्कय नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन संबन्धि कार्य संबन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन संबन्धि मापदड तय गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखएकोलेअनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>पदाधिकारी सुविधा<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सूदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाँउपालिकाबाट देहाय बमोजिम रु. ७२२७५००.० सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/अध्यक्ष</th><th>उपप्रमुख/उपाध्यक्ष</th><th>वडा अध्यक्ष...७ जना</th><th>कार्यपालिका सदस्य ६</th><th>सभाका सदस्य २४</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td></td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td></td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>६०००</td><td>५०००</td><td>३५००</td><td>३०००</td><td>२०००</td><td></td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका, ईन्टरनेट</td><td>५०००</td><td>४५००</td><td>४०००</td><td>३०००</td><td>२०००</td><td></td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>९००००</td><td>७०००</td><td>६०००</td><td>५०००</td><td>३०००</td><td></td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>१००००</td><td>९०००</td><td>७०००</td><td>-</td><td>-</td><td></td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/ सरसफाई</td><td>३५००</td><td>३०००</td><td>२०००</td><td>२०००</td><td>१०००</td><td></td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>२५०००</td><td>२२५००</td><td>१६०००</td><td>९०००</td><td>७०००</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३९९०००</td><td>३६४५००</td><td>२००२०००</td><td>९९००००</td><td>२४७२०००</td><td>७२२७५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>आर्थिक सहायता<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि गाँउपालिकाले यस वर्ष त्यस्ता सुविधा अन्तर्गत रु ८५०००० खर्च गरेको छ । आर्थिक सहायता वितरण कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>न्याय सम्पादनको अवस्था<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको, यो बर्ष थप भएको २० वटा विवाद दर्ता भएकोमा ५ वटा फछ्र्यौट भएको र १५ वटा फछ्र्यौट हुन बाँकी रहेको छ। न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>दरबन्दी तथा पदपुर्ति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत सहित ४१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>योजना संचालन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाँउ विकास योजना २०७७-७८ को अध्ययन गर्दा गााँउपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाँउपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १०-५० लाख सम्म</th><th>५० लाख भन्दा बढी</th><th>जम्मा</th></tr>
<tr><td>६१</td><td>५८</td><td>६६</td><td>३८</td><td>८</td><td>०</td><td>२३१</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाँउपालिकाले यस वर्ष रु. १ लाखसम्मका जम्मा ६१ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र ११९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना र वितरणमुखी योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **हेभि ईक्विपमेन्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँपालिकाबाट सहमति लिएको पाइएन । | |
| १३ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले आपूर्ति गरिएको मालसामान तथा निर्माण कार्यको गुणस्तर परीक्षण गरेको छैन। गुणस्तर परीक्षणबिना स्वीकार भएको निर्माण कार्य तथा आपूर्ति गरिएका मालसामानबाट स्रोतको महत्तम उपयोग भएको आस्वस्त हनु सकिएन। | |
| १४ | | | **योजना हस्तान्तरण नभएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन।योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयमा रही थप व्ययभार थपिन जाने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १५ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। ऐनको दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू नगरेको कारण निम्न विषयहरुमा आन्तरिक नियन्त्रण रहेको पाईयो ।<br>• गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको छैन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा सो गरेको छैन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो गरेको छैन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(१) मा निर्माण व्यवसायीले सम्झौताको म्याद थप गर्न पर्ने भएमा कारण सहित म्याद थपको निवेदनको लागी एक्काईस दिन अगावै निवेदन दिनुपर्नेमा विभिन्न योजनाको म्याद थप गर्न निर्माण व्यवसायीले एक्काईस दिन अगावै निवेदन नदिएको अवस्थामा समेत कार्यालयले योजनाको म्याद थप गर्ने गरेको छ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन।<br>• यस गाउँपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन।<br>• कार्यालयले राजस्व शाखा तथा वडागत रुपमा राजस्व आम्दानी गर्न प्रयोग भएको रसिदको आम्दानी गरेको छैन भने वितरण भएको रसिदको रसिद नियन्त्रण तथा हस्तान्तरण नभएकोले नगदी रसिदको आधारमा राजस्व आम्दानी गरेको र सो बमोजिम रकम दाखिला गरेको यकिन गर्न सकिएन।<br>• गाउँपालिकाले अधुरा आयोजनाको समिक्षा गर्ने र सोको प्रतिवेदन गर्ने कार्य गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **सूचना प्रविधिको प्रयोग**<br>सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषयमा देहाय बमोजिमको अवस्था देखियो ।<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो छैन।<br>• सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको छैन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको छैन।<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन। | |
| १७ | | | **बेरुजुको लगत**<br>कार्यालयले बेरुजु लगत तथा विवरणको अद्यविधक गर्ने म . ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित देहायका फारामको अभिलेख प्रयोग गरी बेरुजुको अभिलेख राखेको पाईएन।<br>म. ले. प. फाराम ८०१ – बेरुजु लगत<br>म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन<br>म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत<br>म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन<br>म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख<br>कार्यालयले बेरुजुको लगत अद्यावधि नगरेको कारण पालिकाको हालसम्मको कायम भएको बेरुजु. फछ्र्यौट भएको बेरुजु र बाँकी बेरुजुको एकमुष्ट अवस्था देखिएन। | |
| १८ | | | **रकमान्तर**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। गाउँपालिकाको विनियोजन ऐन, २०७७ मा रकमान्तरको प्रावधान रहेको छैन।यस गाउँपालिकाले बिनियोजिन बजेटमध्ये कुल ५ करोड ३९ लाख ५३ हजार रकमान्तर गरी खर्च गरेकोमा, गाउँसभाबाट को रकमान्तरको निर्णय समर्थन भएको छैन। गाउँपालिकाले कुल बजेट रु ४९ करोड ८२ लाख ८८ हजार अर्थात् १०.८ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ भने गाउँपालिकाको विनियोजन ऐनमा रकमान्तरको व्यवस्था तथा सिमा तोकिएको छैन। गाउँपालिकाको विनियोजन ऐनमा व्यवस्थाबिना एक शिर्षकबाट शत प्रतिशतसम्म रकमान्तर गरी खर्च मिल्ने देखिँदैन भने साथै गाउँसभाको निर्णय तथा समर्थनबिना रकमान्तर गरी खर्च नियमसम्मत देखिएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>

**बैंक हिसाब मिलान पेश नगरेको**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ सो बमोजिम।मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्दछ। गाउँपालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान तयार गरी पेश गरेको छ ।विवरण अनुसार श्रेस्ता तथा बैँक मौज्दातमा रु २८२०१०७१.० को फरक पर्न गएको छ।

<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७८ असार मसान्तको बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७८ असार मसान्तको बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>संचित कोष</td><td>१९०९६३९१.०</td><td>२६५५११९५.०</td><td>१६४४११९६</td></tr>
<tr><td>२</td><td>चालु खाता</td><td>००</td><td>६४५००५०.०</td><td>६४५००५०</td></tr>
<tr><td>३</td><td>पूँजीगत खाता</td><td>४२०००००</td><td>२०६.०</td><td>२०६</td></tr>
<tr><td>४</td><td>बिबिध खर्च खाता (ग.२.७)</td><td>३१८१२.०</td><td>९७००८१.०</td><td>९३८२६९</td></tr>
<tr><td>५</td><td>धरौटी खर्च खाता</td><td>६८९३३४२.०</td><td>६८९३३४२.०</td><td>००</td></tr>
<tr><td>६</td><td>आन्तरिक राजस्व खाता</td><td>००</td><td>२४७२८२०.०</td><td>२४७२८२०</td></tr>
<tr><td>७</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>२८६८६११.०</td><td>९७००८१.०</td><td>१८९८५३०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२८२०१०७१.०</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>

**चौमासिक खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार अन्तर सरकारी अख्तियारीबाहेक कार्यालयले प्रथम चौमासिकमा कुल रु ५ करोड ४३ लाख ५६ हजार खर्च (१२.२ प्रतिशत), दोश्रो चौमासिकमा रु १३ करोड १२ लाख ५३ हजार खर्च (२९.४ प्रतिशत), तेश्रो चौमासिकमा रु २५ करोड ९७ लाख ४६ हजार खर्च (५८.४ प्रतिशत), तथा असार मसान्तमा रु १९ करोड ८० लाख ४२ हजार (४४.४ प्रतिशत) खर्च भएको छ।चौमासिक खर्चमा एकरुपता नहुँदा बजेट प्रणालिमा प्रतिकुल असर पर्ने, वित्तिय जोखिम रहने तथा वर्षान्तमा हतारमा खर्च भुक्तानी गर्दा वा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक तथा आषाढमा ठुलो रकम खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१(४) मा फछ्र्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नुपर्दछ। कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>पेश्कि लिनेको नाम</th><th>पद/ठेगाना</th><th>प्रयोजन</th><th>रकम रु</th></tr>
<tr><td></td><td>म्याद नाघेको पेश्की</td><td></td><td></td><td></td></tr>
<tr><td>1</td><td>बिरेन्द्र बुढामगर</td><td>मोहन्याल</td><td>विविध</td><td>५०००००.०</td></tr>
<tr><td>2</td><td>माष्टावण्डाली आ.वि</td><td>मोहन्याल</td><td>गेट तथा पानी टंकी निर्माण</td><td>१४४०००.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६४४०००.०</td></tr>
<tr><td></td><td>म्याद ननाघेको पेश्की</td><td></td><td></td><td></td></tr>
<tr><td>3</td><td>अल्ट्रा सोलार ईनर्जि एण्ड स्टिल ईन्जिनियरिङ्ग प्रा.लि</td><td></td><td>मोबिलाईजेसन</td><td>३७६४२३४.०</td></tr>
<tr><td>4</td><td>जि.यू.पि प्रा.लि</td><td></td><td>मोबिलाईजेसन</td><td>२६१२५३०.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६३७६७६४.०</td></tr>
</table></td><td>६४४,०००</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>कार्यासम्पादनमा आधारित अनुदान<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं ९.३ मा स्थानिय तहले उत्कृष्ट विद्यालयलाई अनुदान उपलब्ध गराउने प्रयोजनका लागि विद्यालय छनौट गर्दा कक्षा ८, कक्षा १० र कक्षा १२ को परीक्षा नतिजा, शिक्षक उपस्थिति विद्यार्थी सङ्ख्या, सिकाई उपलब्धि विद्यार्थि कक्षा छाड्ने दोहोर्याउने दर विद्यालय बाहिरका बालबालिकाको अवस्था जस्ता आधारमा कम्तीमा १०० पुर्णाङक रहने गरी पालिकाले मापदण्ड निर्धारण गरि विद्यालयले उक्त बमोजिम प्रस्ताव पेश गर्नुपर्ने र स्थानिय तहले सो प्रस्तावको मूल्याङकन गरी स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही स्थानिय तह भित्रका उत्कृष्ट नतिजा हासिल गर्न सफल एउटा विद्यालयलाई एकमुष्ठ रु २ लाख प्रोत्साहन स्वरुप अनुदान रकम दिन सकिने व्यवस्था रहेको छ । पालिकाले यस व्यवस्था अनुसार विद्यालयको मूल्याङकन र शिक्षा समितिको निर्णय बिना मिति २०७८/०१/२१ को टिप्पणी आदेश अनुसार श्री त्रिवेणी मा वि -७ बडिगाउलाई अनुदान रकम निकासा गरेको पाईयो । पालिकाले व्यवस्था अनुसार कार्यसम्पादन गर्न विषेश ध्यान पुर्‍याउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | ३० | २०७७-१०-१५ | **अजिङ्गरे लिफ्ट सिँचाई योजनाको लागत अनुमान स्वीकृत नभएको**<br>कार्यालयले गाउँपालिकाकोको बार्षिक बिनियोजित कार्यक्रम अन्तर्गत अजिङ्गरे लिफ्ट सिँचाई योजनाको लागी अल्ट्रा सोलार ईनर्जी एण्ड स्ट ईन्जिनियरिङ्ग प्रा लि सँग मिती २०७७/७/१ मा सम्झौता गरेको छ।सम्झौता बमोजिम निर्माण व्यवसायीले रु ११६४९६७६.० (मू.अ.कर समेत) मा १५ महिनाभित्र योजना सम्पन्न गर्नुपर्दछ।सो योजनाको हालसम्म रु ११६४९६७.० पेश्की भुक्तानी भएको छ। यस सम्बन्धमा देहायको व्यहोरा देखिएको छ ।<br>:<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) सार्वजनिक निकायले कुनै पनि खरिद कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ र ५क(१) मा सो लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले योजनाको लागत अनुमान रु १९०४३६४५.० (मू.अ.कर र पि.एस् बाहेक) कायम गरि बोलपत्र आह्वान गरेतापनी लागत अनुमान कायम भएको योजनाको डि.पि.आर पेश भएको छैन भने कार्यालयले लागत अनुमान स्वीकृतीको निर्णय पेश गरेको छैन। ऐनको व्यवस्था अनुसार लागत अनुमान तयारी तथा स्वीकृतको विवरण पेश नभएकोले, लागत अनुमान तोकिएको नर्म्स अनुसार कायम भएको यकिन गर्न सकिएन। | |
| २४ | | | **सिमाली खिमडी सडक कालोपत्रे**<br>कार्यालयले गाउँपालिकाकोको बार्षिक बिनियोजित कार्यक्रम अन्तर्गत सिमाली खिमडी सडक कालोपत्रे (चेनेज 0+000 देखी 5+400) कार्यको लागी कन्चनजङ्गा कन्स्ट्रक्सन कम्पनीसँग मिती २०७५/३/३१ मा सम्झौता गरेको छ।सम्झौता बमोजिम निर्माण व्यवसायीले रु ४७५८१६२०.० (मू.अ.कर समेत) मा मिती २०७६/६/२७ मा योजना सम्पन्न गर्नुपर्नेमा दुई पटक गरी योजनाको म्याद २०७८ असार मसान्तसम्म थप भएको छ। योजनाको हालसम्म कार्यालयले कुल रु २८१८१६२१.० भुक्तानी गरेको छ। यस सम्बन्धमा देहायको व्यहोरा देखिएका छन् । | |
| २४.१ | | | कार्यालयले निर्माण कार्यको दोश्रो रनिङ्गबिल अनुसार आर.सि.सि कन्क्रिट स्ट्रक्चर कुल ५८७.६ घ.मी को कुल रु ६३४८०३०.० भुक्तानी गरेकोमा, स्थलगत निरिक्षणमा सो संरचना निर्माणको यथार्थता यकिन गर्न सकिएन।अधिकाँश निर्मित संरचना जस्तै ड्रेन, रिटेनिङ्ग वाल तथा कटिङ्ग गरिएको संरचना भत्किएको अवस्था छ।यसको पुनः निर्माण गराई तोकिए बमोजिम योजना सम्पन्न गराउनुपर्दछ। | |
| २४.२ | ५१ | २०७७-११-२७ | सडक कालोपत्रेको सम्बन्धमा निर्माण सामग्रीको गुणस्तर परीक्षणको व्यवस्था गरिएको छैन। सडकको कालोपत्रे भाग २ से.मि हुने गरी योजना सम्झौता भएकोमा मोटाई , मोटाई मापनको लागी आवश्यक परीक्षण तथा ल्याब टेस्टको व्यवस्था नभएकोले, सडक कालोपत्रे तोकिएको मापदण्ड बमोजिम हुने कुरामा आस्वस्त हुन सकिएन। | |
| २४.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा निर्माण व्यवसायीले तोकिएको समयमा योजना सम्पन्न हुन नसक्ने भएमा सोको कारण खुलाई योजनाको म्याद समाप्त हुनु एक्काईस दिन अगावै म्याद थपको निवेदन पेश गर्नुपर्दछ भने नियम १२१ मा तोकिएको समयमा योजना सम्पन्न हुन नसकेमा सम्झौता रकमको पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले योजनाको म्याद मिती २०७८ असार मसान्तसम्म कार्यपालिकाको मिती २०७७/९/२७ को निर्णय बमोजिम थप गरेको छ। योजनाको हालसम्म गरी दुई पटक म्याद थप भएकोमा, सोको प्राविधिक पुष्ट्याँई गरिएको छैन। प्राविधिक पुष्ट्याँई तथा मनासिब कारणबिना पटक पटक म्याद थप गरि योजना सम्पन्न हुनेमा अनिश्चत्तता सिर्जना भएको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **पाईप सप्लाई पूर्व सोल्डा २ लिफ्ट सिँचाई योजना**<br>कार्यालयले गाउँपालिकाकोको बार्षिक बिनियोजित कार्यक्रम अन्तर्गत पाईप सप्लाई पूर्व सोल्डा २ लिफ्ट सिँचाई योजना लागी G.U.P. Pvt Ltd, Tripureshowar सँग मिती २०७७/६/२९ मा सम्झौता गरेको छ।सम्झौता बमोजिम निर्माण व्यवसायीले रु ३९३१५५०.० (मू.अ.कर समेत) मा १५ महिनाभित्र योजना सम्पन्न गर्नुपर्दछ।सो योजनाको हालसम्म रु ३९३१५५.० पेश्की भुक्तानी भएको छ।<br>:<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) सार्वजनिक निकायले कुनै पनि खरिद कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ र ५क(१) मा सो लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले योजनाको लागत अनुमान रु ३४९५०१६.० (मू.अ.कर र पि.एस् बाहेक) कायम गरि बोलपत्र आह्वान गरेतापनी लागत अनुमान कायम भएको योजनाको डि.पि.आर पेश भएको छैन भने कार्यालयले लागत अनुमान स्वीकृतीको निर्णय पेश गरेको छैन।ऐनको व्यवस्था अनुसार लागत अनुमान स्वीकृत नगरी बोलपत्र आह्वान गर्ने तथा योजन संचालन गर्न मिल्ने देखिँदैन। नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ। | |
| २६ | | | **फलेविसौनि सडक निर्माण** | |
| २६.१ | ४५ | २०७८-३-१५ | **पेश्की कट्टीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) मा पेश्की दिएको रकम सम्झौताम उल्लेख भए वमोजिम प्रत्येक रनिङ बिल वा अन्य बिल बिजक वाट कट्टा गर्नु पर्ने व्यवस्था छ । सम्झौताको जि सि सि ५७.३ मा सम्झौता रकमको ३० प्रतिशत काम सम्पन्न भए पछि ईन्टरियम सर्टिफिकेटवाट भुक्तानी दिंदा मोविलाइजेशन पेश्कीको ४० प्रतिशत कट्टा गर्ने व्यवस्था भएकोमा यो विल वाट रु ६२९१३६९। भुक्तानी दिदा मोविलाइजेशन पेश्की रू २६५९०००। को ४० प्रतिशतले हुने रू १०६३६००। कट्टी गरी भुक्तानी गरेको पाइएन । सम्झौता वमोजिम कट्टी नभएको उक्त पेश्की रकम कट्टा भएको प्रमाण पेश हुनु पर्ने रु | १,०६३,६०० |
| २६.२ | | | **म्याद थपः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा काबु वाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नवढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन वमोोजिम अवधि वढाउन सकिने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी द कन्चनजंगा कन्सट्रक्सन कम्पनी प्रा लि, अनामनगर विच फलेविसौनी सडक निर्माणका लागि मिति २०७५।३।३१ मा सम्झौता भई २४ कार्तिक २०७६ सम्ममा काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा कार्यकपालिकावाट प्रथम पटक २०७६।७।५ र दोश्रोपटक २०७७।९।२७ मा २०७८ आषाढ मसान्त सम्म काम सम्पन्न गर्ने गरी म्याद थप भएकोमा सो अवधिमा पनि काम सम्पन्न भएको पाइएन । म्याद थप गर्दा थप गर्नु पर्ने कारण समेत उल्लेख नगरी एवं निर्माण व्यवसायीलाई पूर्व निर्धारित क्षेतिपूर्ति समेत नलगाई म्याद थपेको पाइयो । यसरी पटक पटक म्याद थप गर्दा समेत काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई पूर्व निर्धारित क्षेतिपूर्ति लगाई काम सम्पन्न गराउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **वडा नं ६ वडा कार्यालय भवन निर्माण**<br>कार्यालयले गाउँपालिकाकोको बार्षिक बिनियोजित कार्यक्रम अन्तर्गत वडा नं ६ वडा कार्यालय भवन निर्माण कार्यको लागी नायरा निर्माण सेवासँग मिती २०७६/१०/६ मा सम्झौता गरेको छ।सम्झौता बमोजिम निर्माण व्यवसायीले रु ८५२६५२७.० (मू.अ.कर समेत) मा मिती २०७८/१/२५ मा योजना सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले मिती २०७७/९/२६ मा योजना सम्पन्न गरेको छ।योजनाको अन्तिम बिलसम्ममा कार्यालयले कुल रु ८७६५०८९.० भुक्तानी गरेको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन् । | |
| २७.१ | १० | २०७८-२-१७ | कार्यालयले योजनाको बि.ओ.क्यू.मा पि.एस् आईटम मोटरसाईकल राखी सोको खरिद बापत निर्माण व्यवसायीलाई रु ३००००००.० भुक्तानी गरेको छ।निर्माण व्यवसायीले खरिदको बिजक पेश नगरी सो रकम भुक्तानी लगेको छ। बि.ओ.क्यूमा सवारी साधन खरिद गर्ने आईटम समावेश गर्ने तथा सो बापत भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउँदै, सो बापत भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु | ३००,००० |
| २७.२ | १० | २०७८-२-१७ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१)मा खरिद सम्झौतामा गर्न नसकिएको परिस्थिती सिर्जना भएमा ऐनको व्यवस्था बमोजिम सम्झौतामा उल्लेख गरी भेरिएसन जारी गर्न सक्ने व्यवस्था रहेको छ।कार्यालयले च्यानल गेट को नयाँ आईटम थप भएको कारण वडा कार्यालयको भवन निर्माणको लागी कार्यपालिकाको मिती २०७७/११/२० को निर्णयमा ४.८२ प्रतिशत अर्थात् रु ४१०५५९.० को भेरिएशन थप गरी निर्माण व्यवसायीलाई भुक्तानी गरेकोमा सम्झौतामा भेरिएसनको व्यवस्था छैन। ।खरिद सम्झौतामा भेरिएशन गर्ने व्यवस्था उल्लेख नगरी भेरीएशन रकम भुक्तानी गर्न मिल्ने देखिएन। | |
| २७.३ | १० | २०७८-२-१७ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(१) मा स्वीकृत बोलपत्रदाताले बोलपत्रसम्बन्धि कागजातमा उल्लेख भएको ढाँचामा त्रुटि सच्चाउने दायित्वकव अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको कार्यसम्पादन जमानत पेश गर्नुपर्दछ।कार्यालयले निर्माण व्यवसायीसँगको सम्झौता बमोझिम ठेक्काको त्रुटि सच्चाउने अवधिसम्मको कार्यसम्पादन जमानत प्राप्त नगरेकोले, कार्यसम्पादन जमानत प्राप्त गर्नुपर्दछ अन्यथा निर्माण व्यवसायीलाई नियमानुसारको कारवाही गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | ३० | २०७७-१०-१५ | **रुईनिको लिफ्ट सिँचाई योजना**<br>कार्यालयले गाउँपालिकाकोको बार्षिक बिनियोजित कार्यक्रम अन्तर्गत रुईनिको लिफ्ट सिँचाई योजनाको लागी अल्ट्रा सोलार ईनर्जी एण्ड स्ट्र ईन्जिनियरिङ्ग प्रा लि सँग मिती २०७७/७/१ मा सम्झौता गरेको छ। सम्झौता बमोजिम निर्माण व्यवसायीले रु १००६३५२३.० (मू.अ.कर समेत) मा १५ महिनाभित्र योजना सम्पन्न गर्नुपर्दछ।सो योजनाको हालसम्म रु १००६३५२.० पेश्की भुक्तानी भएको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन् ।<br>:<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) सार्वजनिक निकायले कुनै पनि खरिद कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ र ५क(१) मा सो लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले योजनाको लागत अनुमान रु १४२४०६६९.० (मू.अ.कर र पि.एस् बाहेक) कायम गरि बोलपत्र आह्वान गरेतापनी लागत अनुमान कायम भएको योजनाको डि.पि.आर पेश भएको छैन भने कार्यालयले लागत अनुमान स्वीकृतीको निर्णय पेश गरेको छैन। लागत अनुमान स्वीकृती बिना बोलपत्र आह्वान गरी योजना संचालन गर्न मनासिब देखिएन। ऐनको व्यवस्था पालना गरिनुपर्दछ। | |
| २९ | | | **पाईप सप्लाई रुईनिकोट लिफ्ट सिँचाई योजना**<br>कार्यालयले गाउँपालिकाकोको बार्षिक बिनियोजित कार्यक्रम अन्तर्गत पाईप सप्लाई रुईनिकोट लिफ्ट सिँचाई योजना लागी G.U.P. Pvt Ltd, Tripureshowar सँग मिती २०७७/६/२९ मा सम्झौता गरेको छ। सम्झौता बमोजिम निर्माण व्यवसायीले रु ८३१०३००.० (मू.अ.कर समेत) मा १५ महिनाभित्र योजना सम्पन्न गर्नुपर्दछ। सो योजनाको हालसम्म रु ८३१०३०.० पेश्की भुक्तानी भएको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्।<br>:<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) सार्वजनिक निकायले कुनै पनि खरिद कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ र ५क(१) मा सो लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले योजनाको लागत अनुमान रु ७५०६३३६.० (मू.अ.कर र पि.एस् बाहेक) कायम गरि बोलपत्र आह्वान गरेतापनी लागत अनुमान कायम भएको योजनाको डि.पि.आर पेश भएको छैन भने कार्यालयले लागत अनुमान स्वीकृतीको निर्णय पेश गरेको छैन। ऐनको व्यवस्था अनुसार लागत अनुमान तयारी तथा स्वीकृतबिना बोलपत्र आह्वान गर्ने तथा योजना संचालन गर्न मिल्ने देखिएन। नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ। | |
| ३० | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा पाँच लाख रुपैँयासम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५(१ख) मा एकै अर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँचलाखभन्दा रकमको मालसामान एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न मिल्दैन।कार्यालयले यो वर्ष देहायका फर्मबाट एकै आर्थिक वर्षमा तोकिएको खरिद सिमा नाघ्ने गरी देहायका सामग्री खरिद गरी कुल रु २६५७५४७.० भुक्तानी गरेको छ।नियमावलीको व्यवस्था विपरित एकै मितीमा तोकिएको खरिद सिमा नाघ्ने तथा एकै फर्मसँग एकै आर्थिक वर्षमा पाँचलाखभन्दा बढीको सामग्री खरिद गरेको नियमसम्मत नदेखिएको रु | २,६५७,५४७ |

| भौ.नं/मिति | खरिद सामग्री विवरण | फर्मको नाम | रकम |
|---|---|---|---|
| १००/२०७८/२/२० | फर्निचर | आर.जे ट्रेडर्स एण्ड सप्लायर्स | २३१५३७.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०२/२०७८/२/२०</td><td>फर्निचर<br>(कैफियतः जिन्सी दाखिला पेश नभएको)</td><td>दुर्गा स्टिल फर्निचर उद्योग</td><td>१०९३२७.०</td></tr>
<tr><td>११६/२०७७/१०/२</td><td>फर्निचर</td><td>दुर्गा स्टिल फर्निचर उद्योग</td><td>२६४१९४.०</td></tr>
<tr><td>११९/२०७८/२/२६</td><td>फर्निचर</td><td>विविध (वडा सचिव श्री अनिल बहादुर सिँह मार्फत)</td><td>२९२०००.०</td></tr>
<tr><td>१३८/२०७८/२/२७</td><td>फर्निचर (कैफियत वडा कार्यालयलको लागी फर्निचर तथा शैचालय निर्माणको सामग्री खरिद भएकोमा, खरिद भएका सामग्रीको जिन्सी दाखिला भएको छैन भने सोझै खरिदकव प्रक्रिया पालना गरिएको छैन।</td><td>अधिकारी फर्निचर उद्योग</td><td>१९२०००.०</td></tr>
<tr><td>१७०/२०७८/३/८</td><td>ल्यापटप तथा प्रोजेक्टर</td><td>उग्रतारा टेक्निल गुड्स सप्लायर्स</td><td>४७९९९९.०</td></tr>
<tr><td>२१६/२०७८/३/१५</td><td>ल्यापटप तथा प्रोजेक्टर</td><td>विग स्काई सिटी मल्टि ट्रेडर्स</td><td>१९६०००.०</td></tr>
<tr><td>४२७/२०७८/३/८</td><td>ल्यापटप तथा प्रिन्टर</td><td>होम टाउन ईन्टरप्राईजेज</td><td>३९२६८६.०</td></tr>
<tr><td>३२८/२०७७/१२/२५</td><td>ल्यापटप तथा प्रिन्टर खरिद</td><td>होम टाउन ईन्टरप्राईजेन</td><td>४९९८०४.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२६५७५४७.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>तलबि प्रतिवेदन पारित नभएको<br>निजामती सेवा ऐन,२०४९ को दफा ७ ख (२) मा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा गाँउपालिकाले आ.व. २०७७/७८ को स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरि रु १२१९९९९.८० खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत एकिन हुन सकेन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवंम सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, बाटो मर्मत, सरसफाई कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४६९ जनालाई रोजगारी उपलव्ध गराई रु. २४६७०८२६.० खर्च गरेको छ । लक्षित वर्गलाई रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन । | |
| ३३ | | | **उपभोक्ता समितीलाई भुक्तानी**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को परिच्छेद ६ दफा २८ बमोजिम श्रमिकलाई रोजगार वापतको पारिश्रमिक भुक्तानी गर्दा बैंक खाता मार्फत गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले आ.व. २०७७/७८ को ७ वडामा ४१ वटा योजनाहरु संचालन गरी श्रमिकहरुको रोजगार वापतको पारिश्रमिक रु २४६७०८२६.० श्रमिकहरुको व्यक्तिगत बैंक खातामा नपठाई उपभोक्ता समितिलाई भुक्तानी गरेको पाईयो । उपभोक्ता समितिलाई श्रमिकको पारिश्रमिक भुक्तानी हुँदा वास्तविक श्रमिकले रोजगार वापतको रकम प्राप्त भए नभएको यकिन हुन सकिएन साथै रोजगार कार्यक्रम निर्देशिका विपरित कार्यान्वियन भएको र प्रभावकारितामा कमि देखिएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई यस प्रकारको खर्च कार्यन्वयनमा विशेष ध्यान पुर्याउनुपर्दछ । | |
| ३४ | | | **बजेट व्यवस्था तथा भुक्तानी बाँकी प्रमाणितबिना गत विगतको रकम भुक्तानी** | |
| ३४.१ | १ | २०७७-९-७ | कार्यालयले सोल्टादेखी अजिङ्गगरेसम्म ग्रावेल तथा सडक निर्माण उपभोक्ता समितीलाई गत वितगको साझेदारी रकमको भुक्तानी बाँकी जनाई रु १०३८७८.० भुक्तानी गरेको छ।सोको लागी कार्यालयले भुक्तानी बाँकी विवरण प्रमाणित तथा बजेटमा सो कुरा उल्लेख गरेको छैन भने अन्य कुनै निर्णय भएको पाईएन।भुक्तानी बाँकीको विवरण प्रमाणितबिना रकम भुक्तानी भएको नियमसम्मत नदेखिएको रु | १०३,८७८ |
| ३४.२ | २२ | २०७७-१०-६ | कार्यालयले राजकाँडा देखि चोसेकाडाँ मोटरबाटो निर्माण उपभोक्ता समितीलाई समपूरक कोष अन्तर्गतको योजनामार्फत गत वितगको साझेदारी रकमको भुक्तानी बाँकी जनाई रु १३८००००.० भुक्तानी गरेको छ। सोको लागी कार्यालयले भुक्तानी बाँकी विवरण प्रमाणित तथा बजेटमा सो कुरा उल्लेख गरेको छैन भने अन्य कुनै निर्णय भएको पाईएन।भुक्तानी बाँकीको विवरण प्रमाणितबिना रकम भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु | १,३८०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.३ | १५६ | २०७८-३-६ | कार्यालयले पितमारी खानेपानी बोरिङ्ग निर्माण उपभोक्ता समितीलाई गत वितगको साझेदारी रकमको भुक्तानी बाँकी जनाई रु ७०००००.० भुक्तानी गरेको छ।सोको लागी कार्यालयले भुक्तानी बाँकी विवरण प्रमाणित तथा बजेटमा सो कुरा उल्लेख गरेको छैन भने अन्य कुनै निर्णय भएको पाईएन।भुक्तानी बाँकीको विवरण प्रमाणितबिना रकम भुक्तानी भएको नियमसम्मत नदेखिएको रु | ७००,००० |
| ३५ | | | **ढुँगा गिट्टी उत्खननको प्रारम्भिक वातावरणिय अध्ययन** | |
| ३५.१ | ३१ | २०७७-१०-२२ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयको नर्म्स, परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र सार्वजनिक निकायले चालू वा अघिल्लो वर्ष सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्दछ।कार्यालयले मोहन्याल गाउँपालिका भएर बग्ने बुका, करवा, साँगुरे, गोरो (गोडो), खण्डे, पथरैया, सुनपाल र ढाडे खोलाहरुको बगर क्षेत्रबाट ढुँगा गिट्टी तथा बालुवाको दिगो संकलनका/उत्खननको लागी प्रारम्भिक वातावरणीय परीक्षणको लागी रु १९९५३१७.० लागत अनुमान तयार गरी स्वीकृत गरेको छ।लागत अनुमान बमोजिम कार्यालयले तीन फर्मसँग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी सबैभन्दा कम रकम कबोल गर्ने श्री यात्रा ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि सँग रु १८६४५००.० (मू.अ.कर समेत) मा सम्झौता गरेको छ।सम्झौता बमोजिम कार्यालयले प्रारम्भिक वातावरणीय परीक्षणको लागी सो फर्मलाई रु १८६४५००.० भुक्तानी गरेको छ।नियमावलीको व्यवस्था अनुसार नर्म्स र अन्य आधारबिना दर कायम गरी कार्यालयले लागत अनुमान स्वीकृत गरेको नियमसम्मत नदेखिएको रु | १,८६४,५०० |
| ३५.२ | | | कार्यालयले गाउँपालिका अन्तर्गत ८ खोलाहरुबाट बालुवा, ढुँगा तथा गिट्टि उत्खनन कार्यको लागी यात्रा ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.लिलाई रु १८६४५००.० खर्च गरी रकम भुक्तानी गरेकोमा, कार्यालयले सो बमोजिम उत्खननको लागी ठेक्का आह्वान गरेको छैन।ठेक्का आह्वान नगरी प्रारम्भिक वातावरणीय परीक्षण को लागी मात्र रकम खर्च गरेको हुँदा रकम खर्चको उपयोगिता सिद्ध भएको छैन। | |
| ३६ | | | **ढुँगा गिट्टी उत्खननको प्रारम्भिक वातावरणीय अध्ययन** | |
| ३६.१ | ८४ | २०७७-१२-२४ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयको नर्म्स, परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र सार्वजनिक निकायले चालू वा अघिल्लो वर्ष सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्दछ।कार्यालयले मोहन्याल गाउँपालिका भएर बग्ने गोराङ्गे, कर्णाली, चरेला, भैँसीमारहाले खोला, ठाडे खोला, सिमली र बालुवागडा खोलाहरुको बगर क्षेत्रबाट खोलाहरुको बगर क्षेत्रबाट ढुँगा गिट्टी तथा बालुवाको दिगो संकलनका/उत्खननको लागी प्रारम्भिक वातावरणीय परीक्षणको लागी रु १९२२८८१.० लागत अनुमान तयार गरी स्वीकृत गरेको छ।लागत अनुमान बमोजिम कार्यालयले तीन फर्मसँग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी सबैभन्दा कम रकम कबोल गर्ने ग्लोबल डेस्टिनेसन ईन्जिनियरिङ्ग सोलुसन्स् प्रा लि सँग रु १८१७६०५०.० (मू.अ.कर समेत) मा सम्झौता गरेको छ।सम्झौता बमोजिम कार्यालयले प्रारम्भिक वातावरणीय परीक्षणको लागी सो फर्मलाई पेश्की बापत रु ५३०८०५.० भुक्तानी गरेको छ।नियमावलीको व्यवस्था अनुसार नर्म्स र अन्य आधारबिना दर कायम गरी कार्यालयले लागत अनुमान स्वीकृत गरेको नियमसम्मत नदेखिएको रु | १८,१७६,०५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३६.२ | ८४ | २०७७-१२-२४ | कार्यालयले गाउँपालिका अन्तर्गत ८ खोलाहरुबाट बालुवा, ढुँगा तथा गिट्टि उत्खनन कार्यको लागी ग्लोबल डेस्टिनेसन ईन्जिनियरिङ्ग सोलुसन्स् प्रा लिलाई रु ५३०८०५.० पेश्की खर्च गरी रकम भुक्तानी गरेकोमा, योजनाको तोकिएको अवधिसम्म निर्माण व्यवसायीले सम्पन्न गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पेश गरेको छैन।सम्झौताको अवधिसम्म कार्यसम्पन्न नगर्ने फर्मलाई सम्झौता बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई तोकिए बमोजिमको कार्यसम्पन्न गराउनुपर्दछ। | |
| ३६.३ | ८४ | २०७७-१२-२४ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) मा सार्वजनिक निकायले बिस लाख रुपैँयाभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचिमा रहेका परामर्शदाताबाट आर्थिक र प्राविधिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने व्यवस्था रहेको छ।कार्यालयले परामर्श सेवा खरिदको लागी तिन फर्म Global Destination Engineering Solutions Pvt.Ltd, Sandhya Engineering Consultancy Pvt.Ltd, EPRC Pvt.Ltd सँग आर्थिक प्राविधिक प्रस्ताव माग गरेकोमा, सो फर्महरु कार्यालयको मौजुदा सूचिमा दर्ता भएको छैन।सुचिकृत फर्म बाहेकको अन्य फर्मसँग प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्न मिल्ने देखिएन। | |
| ३७ | ४४३ | २०७८-३-२९ | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br><br>**कार्यसम्पन्न प्रतिवेदनः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विधालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान कार्यक्रम अन्तर्गत मोहन्याल आ वि खलुवलु लाई २ कोठे भवन निर्माणका लागि विधालय व्यवस्थापन समिति र पालिका विच भएको सम्झौता वमोजिम विनियोजित वजेट रू १८०००००। रकम निकासा दिएकोमा निर्माण सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु | १,८००,००० |
| ३८ | १६४ | २०७८-३-७ | **खानेपानीको पाईप खरिद गरी जडान नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्दछ।कार्यालयले ३००० मि खानेपानी पाईप खरिद बापत कुँवर हार्डवेयरलाई रु १४६७७१.० भुक्तानी गरेकोमा, सोको लागी कार्यालयले लागत अनुमात तयार गरी स्वीकृति गरेको छैन भने सोझै खरिदको प्रक्रिया बमोजिम तीन फर्मसँग दररेट माग गरेको छैन।दररेट प्रस्तावबिना खानेपानी पाईप खरिदको लागी उपभोक्ता समिती खडा गरी सो मार्फत पाईप खरिद गरेकोमा, खरिद भएको पाईप हस्तान्तरण तथा जडान समेत भएको छैन।नियमावलीको प्रक्रिया पुरा नगरी जडान समेत नभई पाईप खरिदको रकम भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु | १४६,७७१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>उपभोक्तालाई शत प्रतिशत पेश्की<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) बमोजिम उपभोक्तालाई सम्झौता रकमको बढीमा एकतिहाईसम्म अग्रिम रुपमा पेश्की दिन मिल्नेमा कार्यालयले देहायका उपभोक्तालाई तोकिएको सिमा नघाई शत प्रतिशत सम्झौता रकम पेश्की उपलब्ध गराएको छ।नियमावलीको व्यवस्थामा तोकिएको सिमा नघाई रु १३८०००२.० बढि पेश्की रकम उपभोक्ता समितीलाई उपलब्ध गराएको नियमसम्मत देखिएन।
<table>
<tr><th>उपभोक्ताको नाम</th><th>सम्झौता रकम</th><th>पेश्की भुक्तानी रकम</th><th>पेश्की उपलब्ध गराउनुपर्ने</th><th>पेश्की बढी भुक्तानी</th></tr>
<tr><td>बादेखोला कुलो निर्माण</td><td>४७५०००.०</td><td>४७५०००.०</td><td>१५८३३३.०</td><td>२९१६६७.०</td></tr>
<tr><td>कसेनी सिँचाई कुलो निर्माण</td><td>४७५०००.०</td><td>४७५०००.०</td><td>१५८३३३.०</td><td>२९१६६७.०</td></tr>
<tr><td>ओखलढुङ्गा सिँचाई मर्मत योजना</td><td>६६५०००.०</td><td>६६५०००.०</td><td>२२१६६६.०</td><td>४४३३३४.०</td></tr>
<tr><td>पानीखोला सिँचाई मर्मत योजना</td><td>५३००००.०</td><td>५३००००.०</td><td>१७६६६६.०</td><td>३५३३३४.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१३८०००२.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>कार्य सम्पन्न<br>आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को बुदा न ८.६ मा भौतिक निर्माण सम्बन्धि कार्य सञ्चालन गर्दा भौतिक निर्माणको लागत अनुमान तयार गर्ने, विद्यालयसँग सम्फौता गर्ने, सोही वुँदा अनुसार तोकीए अनुसार किस्तामा रकम निकासा गर्ने तथा निर्माण सम्बन्धि सर्वेक्षण फाराम, लागत अनुमान, सम्फौता, मूल्याङ्कन प्रतिवेदन, नापि किताव तथा कार्यसम्पन्न प्रतिवेदन प्रमाणित गराइ स्थानीय तह र विद्यालयमा राख्नुपर्ने साथै भौतिक निर्माणको अन्तिम किस्ता भुक्तानी गर्दा नापी किताव भरेर मात्र दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको विद्यालयमा अनुदान उपलब्ध गराउदा लागत अनुमान, विद्यालयको सम्फौता, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन अनुगमन प्रतिवेदन लगायत कागजात नै पेश नगरी भुक्तानी दिएकोले निर्देशिकाले तोके बमोजिमका कागजात पेश गर्नुपर्ने विधालयहरू देहाय अनुसार छनः</td><td></td></tr>
<tr><td>४०.१</td><td>२०२</td><td>२०७८-२-१५</td><td>राष्ट्रीय मोहन्याल आधारभूत विधालय ५ कटौंजेको विधालय भवन निर्माणको कार्यसम्पन्न गरी पेश्की फरछ्यौट गर्नु पर्ने रु</td><td>३,४५६,०००</td></tr>
<tr><td>४०.२</td><td>२०३</td><td>२०७८-२-१५</td><td>अरनिको आ रा बि मोहन्याल ७ कुइने शौचालय निर्माणको कार्यसम्पन्न गरी पेश्की फरछ्यौट गर्नु पर्ने रु</td><td>६७२,०००</td></tr>
<tr><td>४०.३</td><td>२२३</td><td>२०७८-२-२१</td><td>मोहन्याल मा वि वडिकाथाई वडा नं १ को भवन निर्माण कार्यको कार्यसम्पन्न गरी पेश्की फरछ्यौट गर्नु पर्ने रु</td><td>३,४५०,०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| ४१ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**सामाजिक सुरक्षा दोहोरो भुक्तानी**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको प्रमुखको हुने व्यवस्था गरेको छ। लेखापरीक्षण योजना अनुसार वार्ड नं ६ र ७ को श्रेस्ता परिक्षण गर्दा देहाय बमोजिम जेष्ठ नागरिक भत्ता(७० वर्ष माथि,)ज्येष्ठ नागरिक एकल महिला र ज्येष्ठ नागरिक भत्ता दलित दोहोरो पर्ने गरी वितरण भएको पाईयो। सो सम्बन्धमा पालिकाले दोहोरो पर्न गएको सामाजिक सुरक्षा यकिन तथ्यका आधारमा मात्र निकासा गरी दोहोरो भुक्तानी हुने अवस्था अन्त्य गर्नुपर्दछ।

| **वडा नं ६(दोहोरो भएको)** | | | | | | |
|---|---|---|---|---|---|---|
| **नाम** | **जन्म मिति** | **नागरिकता नं** | **भत्ताको प्रकार** | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमसिक** |
| धर्मी देवी दमाई | २०२७-९-२० | ६७३००१४३ | विधवा | ८००० | ८००० | ८००० |
| लच्छु देवी जैसी | २०१७-५-१८ | ६७३००१४३ | ज्येष्ठ नागरिक एकल महिला | ८००० | ८००० | ८००० |
| जवा देवी जैसी | १९९९-६-११ | ६७३००११७ | ज्येष्ठ नागरिक भत्ता(७०वर्ष माथि) | १२००० | १२००० | १२००० |
| जवा देवी भण्डारी | १९९९-११-०६ | ६७३००११७ | ज्येष्ठ नागरिक भत्ता(७०वर्ष माथि) | १२००० | १२००० | १२००० |
| **वडा नं ७(दोहोरो भएको)** | | | | | | |
| पवित्रा बोहरा | १९९९-१२-२९ | १४५८ | ज्येष्ठ नागरिक भत्ता(७०वर्ष माथि) | १२००० | १२००० | १२००० |
| पवित्रा बोहरा | १९९९-१२-२९ | १४५८ | ज्येष्ठ नागरिक भत्ता(७०वर्ष माथि) | १२००० | १२००० | १२००० |
| जलु कामी | २०१४-७-०३ | १५३४ | ज्येष्ठ नागरिक भत्ता दलित | ८००० | ८००० | ८००० |
| दोरपति देवि जैसी | २०२३-७-०४ | १५३४ | विधवा | ८००० | ८००० | ८००० |
| दीलु कामी | २०१२-१-०२ | ६७३००१/२०७७ | ज्येष्ठ नागरिक भत्ता दलित | ८००० | ८००० | ८००० |
| दिलु कामी | २०१२-१-१४ | ६७३००१/२०७७ | ज्येष्ठ नागरिक एकल महिला | ८००० | ८००० | ८००० |
| | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **जम्मा** | **४८०००** | **४८०००** | **४८०००** | | |
| | | | | | **१४४०००** | | | | |
| ४२ | | | **सामाजिक सुरक्षा**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ व २०७७।७८ मा विभिन्न ७ वडामा सामाजिक सुरक्षा भत्ता बापत रु ५६११२०००.० वितरण गरेको छ ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ। | | | | | | |
| ४३ | | | **सामाजिक सुरक्षा बैंक मार्फत वितरण नभएको**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ७ को दफा २२ मा स्थानिय तहले सर्शत अनुदानको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम मन्त्रालयको स्वीकृती वेगर हातहातै नगद वितरण गर्न नपाइने उल्लेख छ । गाँउपालिकाले ७ वटै वडामा बैकिङ्क प्रणाली मार्फत भत्ता वितरण नगरी स्वीकृती विना हातहातै नगद वितरण गरेको पाईयो । कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ । | | | | | | |
| ४४ | | २०७७-१२-४ | **संघीय संचित कोषमा दाखिला गर्नुपर्ने**<br>सामाजिकसुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा १५(४) अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा फ्रिज भई संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । गत आ.व. २०७६/७७ मा वडा नं ६ लाई तेस्रो चौमासिकको भत्ता वितरणका लागि रु ५५९२२००/- दिएको पेश्की बेरुजु कायम भएकोमा सम्परीक्षणका क्रममा रु ५४८१२००/- मात्रको भर्पाई पेश भई बाँकी रु १११०००/- संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश हुन नआएकोले सो को असुल प्रमाण पेश हुनुपर्ने रु | | | | | | १११,००० |
| ४५ | | | **तलबि प्रतिवेदन पारित नभएको**<br>निजामती सेवा ऐन,२०४९ को दफा ७ ख (२) मा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा गाँउपालिकाले आ.व. २०७७/७८ मा गाँउपालिकाका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरि रु ६५१६४३९.५ खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत एकिन हुन सकेन । | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**अनुगमन भत्ता**

सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग समबन्धित अनुसूची१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ। कार्यालयको पदाधिकारी तथा कर्मचारीले विभिन्न कार्यक्रमको अनुगमन वापत देहाय बमोजिम अनुगमन भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

<table>
<tr><th>क्र.सं.</th><th>भौ/मिति</th><th>कार्यक्रम/प्रयोजन</th><th>सङ्ख्या</th><th>दर/दिन</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>३४२/२०७८-३-२१</td><td>व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धि दर्ता शिविरको अनुगमन(२०७८ असार ०६ देखि १४ गते सम्म)</td><td>८ पदाधिकारी लगायत १२ कर्मचारी</td><td>१४०० र १०००/९ दिन</td><td>१८७२००/-</td></tr>
<tr><td>२</td><td>४२१/२०७८-०३-२९</td><td>गाँउपालिकामा संचालित बृहत पोषण प्याकेज कार्यक्रम अनुगमन</td><td>३ पदाधिकारी लगायत २ कर्मचारी</td><td>१०००,१४०० र १८००/ ३ र ४ दिन</td><td>२१२००/-</td></tr>
<tr><td>३</td><td>३६९/२०७८-०३-२४</td><td>गाँउपालिकामा संचालित विभिन्न कार्यक्रमहरुको अनुगमन</td><td>१ पदाधिकारी लगायत ५ कर्मचारी</td><td>१०००,१२०० र १४००/१ दिन</td><td>६८००/-</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२१५२००/-</td></tr>
</table>

</td><td>२१५,२००</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>

**ईन्धन खर्च**

गाँउपालिकाले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ । गाँउपालिकाले यस वर्ष इन्धन खर्च वापत कार्यालय प्रयोजनको लागि रु. १९२०७८५.० खर्च गरेको छ ।यसरी खर्च लेख्दा गाँउपालिकाले ट्रिपर, डोजर तथा अन्य सवारी साधनले के कति इन्धन खपत गरी सम्पादित कार्यको आधारमा खर्च गरेको आधारमा खर्च गरेको सो एकिन गर्न सकिएन । गाँउपालिकाबाट हुने इन्धन खर्चको प्रयोग र सम्पादित कार्य खुल्ने प्रमाणित कार्य सम्पन्न प्रतिवेदनका साथै प्रयोग गरेको कार्यालयको अभिलेख र लगबुकका आधारमा इन्धन खर्च लिने व्यवस्था गर्नु पर्ने र इन्धन खर्चको कामको आधारमा नमर्स स्वीकृत गरेर आन्तरिक नियन्त्रणको व्यवस्था गरी खर्चको मितव्ययिता कायम हुने गरी इन्धन खर्च गर्नुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **मर्मत खर्च**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले सवारी साधन मर्मत अन्तर्गत रु १३१४७४०.० खर्च लेखेको छ । मर्मतमा लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले, खर्चको वास्तविकता यकिन गर्न सकिएन। | |
| ४९ | ९ | २०७८-३-२९ | **शिक्षा चालु**<br>**दोहोरो भ्रमण खर्चः** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई प्रमाण कागजात संलग्न राखी खर्च गर्नु पर्ने व्यवस्था छ ।शिक्षा शाखा प्रमुख प्रतिमा गिरी मिति २०७८।३।१४ को भ्रमण आदेश अनुसार पाठ्यपुस्तक कार्यान्वयन तथा वितरणको अवस्था वुझ्न भनि २०७८।३।१५ देखि ३।१९ को भ्रमण स्वीकृत गराई भ्रमण गरेको खर्च रु १०८००। भुक्तानी दिएकोमा सोही अवधिमा निज एडवंचर होटल पितामरी कैलालीमा संचालन भएको वाल विकास मन्टेश्वरी तालिम सहजकर्ताको रूपमा उपस्थित भइ कार्यक्रम संचालन गरेको पाइएकोले दोहोरो भुक्तानी लिएको मध्ये भ्रमण खर्च भुक्तानी असुल गर्नु पर्ने रु | १०,८०० |
| ५० | | | **मोहन्याल मा वि अधुरो भवन निर्माण**<br>मोहन्याल वडा नं १ मोहन्याल मा.वि भवन निर्माणको लागी कार्यालयले मिती २०७६/१२/१० मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु १८०६४५७.० कायम भई रकम सम्झौता भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु २०६४५७.० रहने छ भने कार्यालयले व्यहोर्ने अंश रु १६०००००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु १६०००००.० गरी भुक्तानी गरेको छ। | |
| ५०.१ | | | कार्यालयले विद्यालय भवन निर्माणको कार्यसम्पन्न जनाई उपभोक्तालाई रकम भुक्तानी गरेतापनी सो विद्यालयको ६ कोठाको ढलानसम्मको मात्र निर्माण कार्य भएको छ।कार्यालयले ढलानसम्म मात्र ६ कोठाको भवन निर्माण हुने गरी लागत कायम गरेको र सोही बमोजिम निर्माण कार्यसम्पन्न गराई रकम भुक्तानी गरेको छ।आधा अधुरो भवन निर्माणको लागी सम्झौता गरेर रकम भुक्तानी गरेकोले निर्मित संरचना उपयोगहिन अवस्थामा रहेको छ भने सोको गुणस्तरमा समेत ह्रास आउने देखिन्छ। | |
| ५०.२ | | | कार्यालयले उपभोक्ता समितीमार्फत निर्माण कार्य गराउँदा, लागत अनुमान बराबरकै कार्यसम्पन्न मापन गरी योजना स्वीकार गरेको छ।लागत अनुमान बारबर कार्यसम्पन्न भएको मापन भएकोले, निर्माण कार्य बास्तविक भए/नभएको यकिन गर्न सकिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **बहाल करकट्टी नभएको**<br>लेतेखाली पाण्डौन सेल्फि डाँडा सडक निर्माणको लागी कार्यालयले मिती २०७६/११/२९ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु ७४७१८०.० कायम भई रकम सम्झौता भएकोमा, सोमा उपभोक्ताको लागत सहभागिता रु ७५१८०.० रहने छ भने कार्यालयले व्यहोर्ने अंश रु ६७२०००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु ६७२०००.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ ।<br>:<br>कार्यालयले उपभोक्तालाई भुक्तानी गर्दा डोजर तथा ट्रिपर भाडामा लागए बापत उपभोक्ताले रु २७००००.० को भरपाई पेश गरेकोमा, कार्यालयले सो भरपाईमा १० प्रतिशतले हुने रु २७०००.० बहाल करकट्टी गरेको छैन।छुट भएको बहाल करकट्टी समबन्धित उपभोक्ताबाट असुल गरि संघिय राजस्वमा दाखिला गरिनुपर्ने रु | २७,००० |
| ५२ | | | **सिमली खिमडी सडक सफाई**<br>सिमली खिमडी सडक सफाईको लागी कार्यालयले मिती २०७८/१/१० मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु २०२७५३०.० कायम भई रकम सम्झौता भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु २०३५३०.० रहने छ भने कार्यालयले व्यहोर्ने अंश रु १८२४०००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु १८२४०००.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् । | |
| ५२.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) मा उपभोक्ताले आफुले प्राप्त गरेको काममा कुनै निर्माण व्यवसायीलाई संलग्न गराईएको पाईएमा, कार्यालयले सो सम्झौता रद्द गरी त्यस्तो उपभोक्तालाई कुनै पनि कार्य गर्न नदिने गरी अभिलेख राख्नु पर्दछ र त्यस्तो निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्दछ। उपभोक्ताले मोटरबाटोको निर्माणको लागी निर्माण व्यवसायी रोहन निर्माण सेवा मार्फत गराएको र सोको बिजक समेत पेश गरेको छ।निर्माण व्यवसायीमार्फत उपभोक्ताले कार्य गराउँदा, कार्यालयले सम्झौता रद्द नगरी रकम भुक्तानी गरेको मनासिब देखिएन भने नियमावलीको व्यवस्था अनुरुप सो निर्माण व्यवसायीलाई आवश्यक कारवाही गरिनुपर्दछ। | |
| ५२.२ | ३३१ | २०७८-३-२५ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।कार्यालयले योजनामा १९६१८.० घ.मी मेशिनले खन्ने कार्य नापीकिताब बमोजिम मापन गरेको छ।सोको लागी कुल रु २०३९७०९.० (लागत साझेदारी समेत) को कार्य मापन भई उपभोक्तालाई रु १८२४०००.० भुक्तानी भएको छ।भुक्तानीसँग संलग्न प्रमाणका आधारमा, उपभोक्ताले जे.सि.बि प्रयोगको रु २५२०००.० र डिजलको रु ५८४९०९.० गरी कूल रु ८३६९०९.० को मात्र बिजक पेश गरी बाँकी डोर हाजिर पेश गरेको छ।मेशिन मार्फत मात्र खन्ने को कार्य भएकोले, उपभोक्ताले सडक खन्ने कार्यको रु १२०२८००.० घटी बिजक पेश गरेको छ।घटी बिजक पेश भई उपभोक्तालाई बढी भुक्तानी भएको रु १२०२८००.० को बिजक प्रमाण पेश हुनुपर्ने रु | १,२०२,८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | २३ | २०७८-३-२९ | **बडीखर्क नावली सडक ओपनिङ्ग कार्य**<br>बडीखर्क नावली सडक ओपनिङ्ग कार्यको लागी कार्यालयले मिती २०७८/१/६ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु ३७३३५३४.० कायम भई रकम सम्झौता भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु ३७३५३४.० रहने छ भने कार्यालयले व्यहोर्ने अंश रु ३३६००००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु ३३६००००.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।<br><br>:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।कार्यालयले सडक निर्माणको कार्य बापत नापीकिताब बमोजिम रु ३७३३५३४.० को कार्य मापन गरी उपभोक्तालाई लागत सहभागिताको रु ३७३५३४.० कट्टा गरी रु ३३६००००.० भुक्तानी गरेको छ।उपभोक्ताले निर्माणसँग सम्बन्धित बिल भरपाई अनुसार जे.सि.बि भाडामा लिएको बापत रु ११०४०००.०, ढुवानीको रु १०००००.०, कामदारको रु ५०००००.० र डिजलको बिल बापत रु २००००००.० को बिल, बिजक पेश गरेको छ।कार्यालयले योजनाको लागी दरविश्लेषणबिना लागत अनुमान स्वीकृत गरी Hard Soil Excavation को रु ९५, Ordinary Rock Excavation को रु २९०.० र Medium Rock Excavation को रु ४५०.० प्रति घ.मि दर कायम गरेको छ।दरविश्लेषण पेश नभएकोले, मेशिन भाडा, ईन्धन तथा श्रमिकमा खर्च हुने रकम नखुलाई, उपभोक्ताको रु २००००००.० अस्वभाविक ईन्धन बिल तथा मेशिनद्धारा सडक खन्ने काममा रु ५०००००.० को श्रमिकको खर्चको आधारमा रकम भुक्तानी गरेकोले, उपभोक्ताको वास्तविक बिल, बिजक पुष्टिबिना अस्वभाविक खर्च जनाई रकम भुक्तानी गरेको रु २५०००००.० को सम्बन्धमा छानबिन गरी बास्तविक खपत परिमाणको आधारमा रकम भुक्तानी गरिनुपर्दछ। | |
| ५४ | | | **गुमताडी सिँचाई मर्मत योजना**<br>गुमताडी सिँचाई मर्मत योजना लागी कार्यालयले मिती २०७६/११/२९ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु ११७१५००.० कायम भई रकम सम्झौता भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु २०४८२२.० रहने छ भने कार्यालयले व्यहोर्ने अंश रु १०४८२२.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु १०४५०००.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा निम्नानुसरा व्यहोरा देखिएको छ।<br><br>:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) बमोजिम उपभोक्तालाई सम्झौता रकमको बढीमा एकतिहाईसम्म अग्रिम रुपमा पेश्की दिन मिल्ने व्यवस्था रहेको छ। हुँदा कार्यालयले उपभोक्तालाई रु ३४८३३३.० मात्र पेश्की उपलब्ध गराउन मिल्नेमा, सम्झौताको शत प्रतिशत रु १०४५०००.० पेश्की उपलब्ध गराएकोले तोकिएको सिमाभन्दा बढी रु ६९६६६७.० उपलब्ध गराएको नियमसम्मत देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | १७२ | २०७८-३-८ | **वडा कार्यालयलदेखी कटौजे मोटरबाटो  निर्माण**<br>वडा कार्यालयलदेखी कटौजे मोटरबाटो निर्माणको लागी कार्यालयले मिती २०७७/१०/२१ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु १७६८०३६.० कायम भई रकम सम्झौता भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु १७७५२४.० रहने छ भने कार्यालयले व्यहोर्ने अंश रु १५९०५१२.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु १५९०५१२.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छ।<br>:<br>कार्यालयले Excavation को कुल परिमाण ८९८४ घ.मि मापन गरी रु १७७८९९९.० को कार्यसम्पन्न भएको नापीकिताबमा जनाई उपभोक्तालाई रकम भुक्तानी गरेको छ।सो मध्ये ४९७४.५ घ.मि हार्ड सोईल ( 80 percent) को रु ९५ का दरले रु ४७२५८२.०, त्यस्तै अर्डिनरी रक (15%) ३११८.८ घ.मी को रु २९०.० को दरले रु ९०२४२९.० र मिडियम रक (5%) ८९७.७५ घ.मी को रु ४५० को दरले रु ४०३९८७.० भुक्तानी गरेको छ।एकमुष्ठ रुपमा खन्ने परिमाण नापजाँच गरी प्रतिशतको आधारमा विभिन्न किसिमको खन्ने परिमाण छुट्याई रकम भुक्तानी गर्दा वास्तविक परिमाणको आधारमा भुक्तानी भएको यकिन गर्न सकिएन।साथै सफ्ट सोईल को परिमाण नापिकिताबमा नखुलाई महँगो दर कायम भएको मिडियम रक को परिमाण उल्लेख गरेतापनी सो स्थानमा मिडियम रक भएको आवश्यक प्राविधिक पुष्ट्याँई नभएकोले, सोको वास्तविक नापजाँच गरी मात्र रकम भुक्तानी गरिनुपर्ने रु | ४०३,९८७ |
| ५६ | १९० | २०७८-३-१३ | **सावादेखि ताम्चा बर्जेना मोटरबाटो निर्माण**<br>सावादेखि ताम्चा बर्जेना मोटरबाटो निर्माणको लागी कार्यालयले मिती २०७७/१२/२० मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु ७४३४००.० कायम भई रकम सम्झौता भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु ७१४००.० रहने छ भने कार्यालयले व्यहोर्ने अंश रु ६७२०००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु ६७२०००.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छ।<br>:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले योजनाको १०६२०.० घ.मी Soft Soil Excavation by Machine को कार्य नापीकिताब बमोजिम मापन गरेको छ।सोको लागी प्रति घ.मी रु ७० को दरले कुल रु ७४३४००.० को कार्य मापन भई उपभोक्तालाई रु ६७२०००.० भुक्तानी भएको छ।भुक्तानीसँग संलग्न प्रमाणका आधारमा, उपभोक्ताले जे.सि.बि प्रयोगको रु १०१९२६.० र डिजलको रु १९९८७६.० गरी कुल रु ३०१८०२.० को मात्र बिजक पेश गरी बाँकी डोर हाजिर पेश गरेको छ।मेशिन मार्फत मात्र Excavation को कार्य भएकोले, उपभोक्ताले सडक खन्ने कार्यको रु ४६०१२५.० घटी बिजक पेश गरेको छ।घटी बिजक पेश भई उपभोक्तालाई बढी भुक्तानी भएको रु ४६०१२५.० को बिजक प्रमाण पेश हुनुपर्ने रु | ४६०,१२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | २६३ | २०७८-३-३१ | **मोहन्याल राष्ट्रिय आ.वि कटौजे खेलमैदान निर्माण**<br>मोहन्याल राष्ट्रिय आ.वि कटौजे खेलमैदान निर्माणको लागी कार्यालयले मिती २०७७/१२/११ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु ५३३९५२.० कायम भई रकम सम्झौता भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु ५३९५२.० रहने छ भने कार्यालयले व्यहोर्ने अंश रु ४८००००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु ४८००००.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छ ।<br>:<br>कार्यालयले योजनाको अन्तिम बिलको नापजाँचको नापी किताब अनुसार Earthwork Excavation for Field by Manually को ४५६ घ.मी परिमाण मापन गरी रु २९८.७ का दरले रु १३६२०७.० भुक्तानी गरेको छ।तर योजनाको संलग्न फोटो तथा प्रमाण बमोजिम फिल्ड निर्माणको कार्य Manually नभई मेशिन को प्रयोग गरेर भएको पाईयो। मेशिन मार्फत फिल्ड निर्माणको कार्य गर्दा प्रति घ.मि रु ९५ दर कायम भएकोमा, Manually भूक्तान गर्दा प्रति घ.मि रु २०३.७ को दरले बढी भुक्तानी भएको रु ९२८८७.० भएको देखिन्छ।यस सम्बन्धमा स्पष्ट छानबिन गरी, बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | ९२,८८७ |
| ५८ | | | **किरियाम साझ गोठरी मोटरबाटो निर्माण**<br>किरियाम साझ गोठरी मोटरबाटो निर्माणको लागी कार्यालयले मिती २०७८/१/१० मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु १०६६७३८.० कायम भई रकम सम्झौता भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु १०६७३८.० रहने छ भने कार्यालयले व्यहोर्ने अंश रु ९६००००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु ९६००००.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्। | |
| ५८.१ | १९० | २०७८-३-१३ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।कार्यालयले योजनामा १४९६५.० घ.मी मेशिन मार्फत खन्ने कार्य नापीकिताब बमोजिम मापन गरेको छ।सोको लागी कुल रु १०७९७३.० (लागत साझेदारी समेत) को कार्य मापन भई उपभोक्तालाई रु ९६००००.० भुक्तानी भएको छ। भुक्तानीसँग संलग्न प्रमाणका आधारमा, उपभोक्ताले जे.सि.बि प्रयोगको रु ६०००००.० को मात्र बिजक पेश गरी बाँकी डोर हाजिर पेश गरेको छ।मेशिन मार्फत मात्र खन्ने कार्य भएकोले, उपभोक्ताले सडक खन्ने कार्यको रु ४९२०२७.० घटी बिजक पेश गरेको छ। घटी बिजक पेश भई उपभोक्तालाई बढी भुक्तानी भएको रु ४९२०२७.० को बिजक प्रमाण पेश हुनुपर्ने रु | ४९२,०२७ |
| ५८.२ | १९० | २०७८-३-१३ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) मा उपभोक्ताले आफुले प्राप्त गरेको काममा कुनै निर्माण व्यवसायीलाई संलग्न गराईएको पाईएमा, कार्यालयले सो सम्झौता रद्द गरी त्यस्तो उपभोक्तालाई कुनै पनि कार्य गर्न नदिने गरी अभिलेख राख्नु पर्दछ र त्यस्तो निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्दछ। उपभोक्ताले मोटरबाटोको निर्माणको लागी निर्माण व्यवसायी नागबंशी कन्ट्रक्सन मार्फत गराएको र सोको बिजक समेत पेश गरेको छ। निर्माण व्यवसायीमार्फत उपभोक्ताले कार्य गराउँदा, कार्यालयले सम्झौता रद्द नगरी रकम भुक्तानी गरेको मनासिब देखिएन भने नियमावलीको व्यवस्था पालना गराउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **राक्सा लक्षु मल्ल चोसे काँडा सडक ट्रयाक ओपनिङ्ग कार्य**<br>राक्सा लक्षु मल्ल चोसे काँडा सडक ट्रयाक ओपनिङ्ग कार्यको लागी कार्यालयले मिती २०७७/११/२५ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु २६९२९२५.० कायम भई रकम सम्झौता भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु २८५२४५.० रहने छ भने कार्यालयले व्यहोर्ने अंश रु २४०७६८०.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु २४०७६८०.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् । | |
| ५९.१ | १४ | २०७८-३-२१ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) मा उपभोक्ताले आफुले प्राप्त गरेको काममा कुनै निर्माण व्यवसायीलाई संलग्न गराईएको पाईएमा, कार्यालयले सो सम्झौता रद्द गरी त्यस्तो उपभोक्तालाई कुनै पनि कार्य गर्न नदिने गरी अभिलेख राख्नु पर्दछ र त्यस्तो निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्दछ। उपभोक्ताले मोटरबाटोको निर्माणको लागी निर्माण व्यवसायी नागबंशी कन्ट्रक्सन मार्फत गराएको र सोको बिजक समेत पेश गरेको छ।निर्माण व्यवसायीमार्फत उपभोक्ताले कार्य गराउँदा, कार्यालयले सम्झौता रद्द नगरी रकम भुक्तानी गरेको मनासिब देखिएन भने नियमावलीको व्यवस्था अनुरुप सो निर्माण व्यवसायीलाई आवश्यक कारवाही गरिनुपर्दछ। | |
| ५९.२ | १४ | २०७८-३-२१ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।कार्यालयले योजनामा २२६२४.० घ.मी मेशिनले खन्ने कार्य नापीकिताब बमोजिम मापन गरेको छ।सोको लागी कुल रु २६९६६६९.० (लागत साझेदारी समेत) को कार्य मापन भई उपभोक्तालाई रु २४०७६८०.० भुक्तानी भएको छ।भुक्तानीसँग संलग्न प्रमाणका आधारमा, उपभोक्ताले जे.सि.बि प्रयोगको रु १७०००००.० को मात्र भरपाई पेश गरी बाँकी डोर हाजिर पेश गरेको छ।पेश भएको भरपाई समेत सहीछाप गरी प्रमाणित नभएकोले, सक्कल भरपाई भएको कुरामा आश्वस्त हुन सकिएन।मेशिन मार्फत मात्र खन्ने को कार्य भएकोले, उपभोक्ताले सडक खन्ने कार्यको रु ९९६६६९.० घटी बिजक पेश गरेको छ।घटी बिजक पेश भई उपभोक्तालाई बढी भुक्तानी भएको रु ९९६६६९.० को बिजक प्रमाण पेश हुनुपर्ने रु | ९९६,६६९ |
| ६० | | | **वडा कार्यालय दोश्रो तला थप भवन न (वडा नं २) निर्माण**<br>वडा कार्यालय दोश्रो तला थप भवन न (वडा नं २) निर्माणको लागी कार्यालयले मिती २०७७/१०/२१ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु २०४९७२५.० कायम भई रकम सम्झौता भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु २२५७२५.० रहने छ भने कार्यालयले व्यहोर्ने अंश रु १८२४०००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु १८२४०००.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् । | |
| ६०.१ | २८७ | २०७८-३-२२ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्तामार्फत निर्माण कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सिर्जना गर्ने भएमा तोकिएको कार्यविधि पुरा गरी उपभोक्तामार्फत त्यस्तो निर्माण कार्य गराउन सकिने व्यवस्था रहेको छ।वडा कार्यालयमा आर.सि.सि लगायतका अन्य जटिल संरचना उपभोक्ता मार्फत निर्माण गराउकोमा, उपभोक्ताको लागत सहभागिता रहने प्रकारको योजना नभएको साथै भवन निर्माणमा उपभोक्ताको लागत सहभागिता रहनुपर्ने औचित्य समेत पुष्टि नहुने हुँदा, उपभोक्ता मार्फत वडा कार्यालय निर्माणको लागी योजना छनौट गर्ने तथा निर्माण गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६०.२ | २८७ | २०७८-३-२२ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले निर्माणको कार्यसम्पन्न बापत रु २०६१६०२.० को कार्य मापन गरी उपभोक्तालाई रु १८२४०००.० भुक्तानी गरेको छ।योजनाको नापी किताब अनुसार झ्याल तथा ढोकाको चौखटको कार्य बापत उपभोक्तालाई मू.अ.कर समेत रु २५३४३५.० भुक्तानी गरेकोमा, उपभोक्ताले चौखट खरिदको मू.अ.कर बाहेक रु १८०००.० को बिजक मात्र पेश गरेको छ।चौखटको कार्यका लागी भुक्तानी भएको रकमभन्दा रु २३५४३५.० को घटी बिजक पेश गरेकोले, सोको प्रमाण सम्बन्धित उपभोक्ताबाट पेश हुनुपर्ने रु | २३५,४३५ |
| ६१ | | | **रसिद नियन्त्रण खाता नरहेको**<br>गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ ।गत वर्षको मौज्दात,यो वर्षको आय,यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नपर्नेमा सो खाता तयार गरेको छैन । आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय रसिद ठेलीहरु फिर्ता आएको छैन । आम्दानीतर्फ प्रयोग गरिने रसिद ठेलीको आय एकिन गरी बैंक जम्मा विवरण राखी श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा गाउँपालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण, राजस्व आम्दानी तथा सो बमोजिम दाखिला भए नभएको एकिन हुन सकेन । | |
| ६२ | | | **करदाताको अभिलेख नरहेको**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२घ) मा गाँउपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन र राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान गर्ने रहेको छ। सो अनुसार नगरपालिकाले राजस्वको आधार विस्तार तथा प्रवर्द्धनको लागी प्रयास गरी राजस्व संकलनको दायरा फराकिलो गर्दै लगेको पाईएन। साथै गाँउपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ राजस्वको दायरा फराकिलो पर्दै आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ६३ | | | **राजस्व दाखिला**<br>सूदुर पश्चिम प्रदेश सरकारको आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २३(३) मा आफ्नो जिम्मा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथासक्य दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालयले सात दिन वा सोभन्दा बढी ढिला गरेको भए दश प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउनुपर्दछ। गाउँपलाका अन्तर्गत ९ वडाबाट गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन।यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ।सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक आय र बैकमा दाखिला गरेको विवरण रुजु गरी रसिद नियन्त्रण खाता अद्यावधिक गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **राजस्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पेश भएन भने अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम तथा राजस्व ठेलीबाट संकलित रकम बैंक दाखिला नगर्ने जोखिम रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| ६५ | ५२ | २०७८-३-२९ | **एन्टिजेन किटको जिन्सी दाखिला नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्दछ। कार्यालयले ३०० पिस एन्टिजेन किट खरिद बापत रु ५५०.० को दरले कुल रु १८६४५०.० (मु.अ.कर समेत) भुक्तानी गरेकोमा, सो किटहरुको जिन्सी दाखिला तथा प्रयोगको अवस्था खुल्दैन।खरिद भएको सामग्रीको जिन्सी दाखिला भई सोको प्रयोगको प्रमाण पेश गरिनुपर्ने रु | १८६,४५० |
| ६६ | ५७ | २०७८-३-३० | **स्वास्थ्य कर्मचारीहरुलाई जोखिम भत्ता भुक्तानी**<br>कार्यालयले कोभिड जोखिमको अवस्थामा अग्रपँक्तिमा खटिएको कुल ५८ स्वास्थ्यकर्मीलाई रु १२६३६६२.० र स्वास्थ्यकर्मी बाहेक कुल ६ प्रशासनिक कर्मचारीहरुलाई कोभिडमा अग्रपँक्तिमा खटिएको भनी कार्यपालिकाको निर्णय बमोजिम रु १४३०३८.० (करकट्टी बाहेक) गरी कुल रु १४०६७००.० जोखिम भत्ता भुक्तानी गरेको छ। जोखिम भत्ता भुक्तानीमा के कती स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरु अग्रपँक्तिमा खटाउने सोको निर्णय नभएको तथा खटीएका स्वास्थ्यकर्मीको सो समयको प्रमाणित हाजिरी तथा अनुगमन र सोको प्रतिवेदन पेश भएको छैन।अग्रपंक्तिमा के कति कर्मचारी खटिएको पुष्टिबिना जोखिम भत्ता भुक्तानी गर्दा यथार्थताको आधारमा भत्ता भुक्तानी भएको मान्न सकिएन। | |
| ६७ | | | **कोभिड कोषको अवस्था**<br>कार्यालयलाई यो बर्ष संघिय सरकारबाट रु १०००००० .० र गाउँपालिकाको स्रोतबाट रु ८००००००.० गरी कोभिड खर्चको लागी कुल रु ९००००००.० प्राप्त भएको छ।सो मध्ये कार्यालयबाट प्राप्त विवरण अनुसार आईसोलेसनमा रु २११६८९२.०, औषधी खरिदमा रु २६८८३५५.०, जनशक्ति व्यवस्थापनमा रु १४३१९४२.० गरी कुल रु ६२३७१८९.० खर्च गरेको छ। कोभिड रोकथाम तथा नियन्त्रणमा खर्च भएको रकमको प्रभावकारिताका सम्बन्धमा अनुगमन नभएकोले सो खर्च कोभिडका लागि मात्र भएको भनि यकिन गर्न सकिएन। | |
| ६८ | | | अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br><br>रु हजारमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १०६६१६ | २५३१४ | ८१३०२ |

लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि कुल रु २९४४२७०१.० पेश भएकोमा निम्नानुसार रु २५३१४९४५.० को सम्परीक्षण गरिएको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७६/७७ | ७५ | नवदुर्गा रा.आ.वि लाई पेश्की | | | | पेश्की फछ्र्यौट भएको | ६०००००.० |
| २ | २०७६/७७ | ७५ | ज्यामिरे सिचाँई कुलो निर्माण उ.स.लाई पेश्की | | | | पेश्की फछ्र्यौट भएको | ५१४९००.० |
| ३ | २०७६/७७ | ७५ | ओखलढुङ्गा सिचाँई योजना मर्मत योजना उ.स.लाई पेश्की | | | | पेश्की फछ्र्यौट भएको | ६६५०००.० |
| ४ | २०७६/७७ | ७५ | कसेनी सिचाँई कुलो निर्माण उ.स.लाई पेश्की | | | | पेश्की फछ्र्यौट भएको | ४७५०००.० |
| ५ | २०७६/७७ | ७५ | गुमातडी सिचाँई मर्मत उ.स.लाई पेश्की | | | | पेश्की फछ्र्यौट भएको | १०४५०००.० |
| ६ | २०७६/७७ | ७५ | पण्डौन गानीगाँउ कुन्टापानी सिचाँई योजना उ.स.लाई पेश्की | | | | पेश्की फछ्र्यौट भएको | १९९५०००.० |
| ७ | २०७६/७७ | ७५ | पानीखोला सिचाँई कुलो निर्माण उ.स.लाई पेश्की | | | | पेश्की फछ्र्यौट भएको | ५३०००.० |
| ८ | २०७६/७७ | ७५ | जुगेपानी रिजर्व ट्याङ्कि निर्माण उ.स.लाई पेश्की | | | | पेश्की फछ्र्यौट भएको | २८५०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | २०७६/७७ | ७५ | ज्यामिरे सिचाँई कुलो निर्माण उ.स.लाई पेश्की | | | | पेश्की फछ्र्योट भएको | ४७५०००.० | |
| | | | १० | २०७६/७७ | ७५ | कसेनी नौलाकोट झो.पु. निर्माण उ.स.लाई पेश्की | | | | पेश्की फछ्र्योट भएको | ४९९२५.० | |
| | | | ११ | २०७६/७७ | ७५ | ओम बैजनाथ विल्डर्स प्रा.लि.लाई पेश्की | | | | पेश्की फछ्र्योट भएको | ५४२०००.० | |
| | | | १२ | २०७६/७७ | ७५ | गाँउपालिका चौतारी निर्माण श्रमिक समुहलाई पेश्की | | | | पेश्की फछ्र्योट भएको | १९८०००.० | |
| | | | १३ | २०७६/७७ | ७५ | बादेखोला सिचाँई निर्माण उ.स.लाई पेश्की | | | | पेश्की फछ्र्योट भएको | ४७५०००.० | |
| | | | १४ | २०७६/७७ | ७५ | वडा नं ७ को सामाजिक सुरक्षा पेश्की | | | | पेश्की फछ्र्योट भएको | ३६०७०००.० | |
| | | | १५ | २०७६/७७ | ७५ | वडा नं ३ को सामाजिक सुरक्षा पेश्की | | | | पेश्की फछ्र्योट भएको | ३१४१६००.० | |
| | | | १६ | २०७६/७७ | ७५ | वडा नं ४ को सामाजिक सुरक्षा पेश्की | | | | पेश्की फछ्र्योट भएको | १०७६०००.० | |
| | | | १७ | २०७६/७७ | ७५ | वडा नं २ को सामाजिक सुरक्षा पेश्की | | | | पेश्की फछ्र्योट भएको | १३७९०००.० | |
| | | | १८ | २०७६/७७ | ७५ | वडा नं ५ को सामाजिक सुरक्षा पेश्की | | | | पेश्की फछ्र्योट भएको | २५६२४००.० | |
| | | | १९ | २०७६/७७ | ७५ | वडा नं ६ को | | | | पेश्की फछ्र्योट भएको | ५५९२२००.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा पेश्की | | | | | |
| २० | २०७६/७७ | ७५ | पदाधिकारी अतिरिक्त सुविधा | बैंक दाखिला भौचर पेश | | | | १०६९२०.० |
| **जम्मा** | | | | | | | | **२५३१४९४५.०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | अद्यावधिक बेरुजु<br>यस गाँउपालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः<br>रु हजारमा | |

| गत वर्षसम्मको बाँकी बेरुजू (C) | यो वर्ष कायम बेरुजू(D) | संपरीक्षणबाट कायम बेरुजू(E) | अध्यावधिक बाँकी बेरुजू (F=C+D+E) |
|---|---|---|---|
| ८१३०२ | ४०७३७ | १११ | १२२२१५० |